# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६१/६२ को प्रथम चार महिनाको तथ्याङ्कमा आधारित)*


**नेपाल राष्ट्र बैंक**

**पौष २०६१**

***www.nrb.org.np***

## मुख्य बुँदाहरु

- आर्थिक वर्ष २०६१/६२ को प्रथम चार महिनामा बिस्तृत मुद्रा प्रदायमा विस्तार भएको छ भने संकुचित मुद्रा प्रदाय कम दरले घटेको छ।
- बैकिङ्ग क्षेत्रबाट श्री ५ को सरकारतर्फ गएको कर्जाको घट्ने क्रम बढेको छ।
- आवधिक निक्षेपको बढ्ने क्रम जारी छ।
- मुद्रा बजारमा ट्रेजरी विल्सको ब्याजदर घटेको छ।
- धितोपत्र बजारको कारोवार तथा नेप्से परिसूचकाङ्क बढेको छ।
- विन्दुगत आधारमा मूल्य सूचकाङ्कको वृद्धिदरमा कमी आएको छ।
- नगद प्रवाहमा आधारित कुल सरकारी खर्चको वृद्धि दरमा कमी आएको छ।
- राजस्व परिचालनको वृद्धिदरमा कमी आएको भए तापनि कुल खर्चको तुलनामा गैर-ऋण साधनको वृद्धिदर उच्च भएको परिणामस्वरुप सरकारी बजेट घाटा उल्लेख्य रुपमा घटेको छ।
- आयात घटेको तर निर्यातको वृद्धिदर उच्च रहेकोले व्यापार घाटा घटेको छ।
- समग्र शोधनान्तर स्थिति रु. १ अर्ब ९६ करोडले नेपालको पक्षमा रहेको छ।
- कुल विदेशी विनिमय संचिति बढेर २०६१ कार्तिक मसान्तमा रु.१ खर्ब ३१ अर्ब १० करोड पुगेको छ। यो विदेशी विनिमय संचिति १२.६ महिनाको वस्तु आयात र १०.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६१/६२ को प्रथम चार महिनाको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति


१. २०६१ कार्तिक मसान्तमा विस्तृत मुद्रा प्रदाय ३.६ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ८७ अर्ब १ करोड पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा विस्तृत मुद्रा प्रदाय १.२ प्रतिशतले मात्र बढेको थियो । खुद आन्तरिक सम्पत्ति तथा खुद वैदेशिक सम्पत्तिमा वृद्धिका कारण अघिल्लो वर्षको तुलनामा यस वर्ष विस्तृत मुद्रा प्रदाय वृद्धि भएको हो । यस अवधिमा आवधिक निक्षेप ५.६ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ९३ अर्ब ६५ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा आवधिक निक्षेप ४.२ प्रतिशतले बढेको थियो । गत वर्ष ४.४ प्रतिशतले घटेको संकुचित मुद्रा प्रदाय यस वर्ष ०.५ प्रतिशत मात्रले घट्न गई रु. ९३ अर्ब ३६ करोड रहेको छ । आवधिक निक्षेप उच्च दरले बढेको कारण संकुचित मुद्रा प्रदायको वृद्धिदर ऋणात्मक रहन गएको हो । तेश्रो मौद्रिक योगाङ्कको रुपमा रहेको विस्तृत मौद्रिक तरलता (एम ३ = एम २ र विदेशी मुद्रा निक्षेप) गत वर्ष १.४ प्रतिशतले बढेकोमा यस वर्ष ३.२ प्रतिशतले बढी रु. ३ खर्ब ७ अर्ब ८६ करोड पुगेको छ ।

२. मौद्रिक योगाङ्कमा विस्तारकारी भूमिका खेल्ने खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समेत) यस वर्ष १.८ प्रतिशतले बढ्न गई रु. १ खर्ब ८ अर्ब ५४ करोड पुगेको छ । गत वर्ष खुद वैदेशिक सम्पत्ति ०.६ प्रतिशतले घटेको थियो । राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडका कर्मचारीहरुको स्वेच्छिक अवकाश कार्यक्रमका लागि विश्व बैंकबाट प्राप्त ऋण सहयोगका कारणले पनि खुद वैदेशिक सम्पत्तिमा उक्त वृद्धि हुन गएको हो ।

३. बैंकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा यस वर्ष ३.७ प्रतिशतले बढ्न गई रु. २ खर्ब ६० अर्ब २८ करोड पुगेको छ । गत वर्ष कुल आन्तरिक कर्जा २.६ प्रतिशतले बढेको थियो । मौद्रिक क्षेत्रको वित्तीय संस्थानहरु श्री ५ को सरकारलाई गएको खुद कर्जा घटेको भए तापनि निजी क्षेत्र तथा गैर-वित्तीय संस्थानहरुमाथिको दावीमा वृद्धि भएको कारण कुल आन्तरिक कर्जामा वृद्धि भएको हो । यस वर्ष मौद्रिक क्षेत्रको गैर-वित्तीय संस्थानहरुमाथिको दावी २९.६ प्रतिशतले बढी रु. ३ अर्ब ७८ करोड पुगेको छ । वाणिज्य बैंकहरुबाट नेपाल आयल निगमलाई गएको कर्जामा वृद्धि भएको कारण उक्त दावीमा वृद्धि भएको हो । गत वर्ष सो दावी ७.१ प्रतिशतले घटेको थियो । मौद्रिक क्षेत्रको वित्तीय संस्थाहरुमाथिको दावी गत वर्ष ९.९ प्रतिशतले बढेको तुलनामा यस वर्ष २.७ प्रतिशतले घट्न गई रु. १२ अर्ब ९८ करोडमा झरेको छ । गत वर्ष १.८ प्रतिशतले घटेको श्री ५ को सरकारतर्फको खुद कर्जा श्री ५ को सरकारको नेपाल राष्ट्र बैंकसँगको नगद मौज्दात बढ्न गएकोले यस वर्ष २.४ प्रतिशतले घट्न गई रु. ६० अर्ब ८० करोडमा सीमित रहेको छ । मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी गत वर्ष ४.१ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ५.९ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ८२ अर्ब ७२ करोड पुगेको छ । देशका शहरी क्षेत्रमा निर्माण कार्यमा आएको व्यापकता तथा उपभोक्ता कर्जामा वृद्धिका साथै निर्यात कर्जामा भएको वृद्धिका कारण निजी क्षेत्रमाथिको दावी बढेको हो ।

४. मुद्रा प्रदायमा संकुचनकारी भूमिका खेल्ने खुद अमौद्रिक दायित्व (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) यस वर्ष १.५ प्रतिशतले बढ्न गई रु. ८१ अर्ब ८१ करोड पुगेको छ । गत वर्ष खुद अमौद्रिक दायित्व ३.२ प्रतिशतले बढेको थियो । यस वर्ष खुद आन्तरिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) ४.७ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ७८ अर्ब ४७ करोड पुगेको छ । गत वर्ष खुद आन्तरिक सम्पत्ति २.३ प्रतिशतले मात्र बढेको थियो । मौद्रिक

क्षेत्रको कुल आन्तरिक कर्जामा वृद्धि भएको र खुद अमौद्रिक दायित्वमा न्यून वृद्धि रहन गएकोले खुद आन्तरिक सम्पत्ति अघिल्लो वर्ष भन्दा बढी दरले विस्तार भएको हो ।





५. नेपाल राष्ट्र बैंकले कार्तिक महिनामा विदेशी मुद्रा बजारमा हस्तक्षेप गरी रु ८ अर्ब २६ करोड बराबरको विदेशी मुद्रा खरिद तथा रु १ अर्ब ९ करोड बराबरको विदेशी मुद्रा बिक्री गरी खुद रु. ७ अर्ब १७ करोड बराबरको तरलता प्रवाह गरेको छ । मौद्रिक तरलताको उपलब्धताको तुलनामा खासगरी श्री ५ को सरकारको तर्फबाट तरलताको मागमा वृद्धि हुन नसकेकोले अल्पकालीन व्याजदर अघिल्लो वर्षको तुलनामा न्यून रहेको छ । उदाहरणका लागि २०६० कार्तिक महिनाको ३.७ प्रतिशत रहेको औसत ट्रेजरी बिल्सदर २०६१ कार्तिक महिनामा २.० प्रतिशतमा झरेको छ ।

## शेयर बजार गतिविधि

६. २०६० कार्तिक महिनाको तुलनामा २०६१ कार्तिक महिनामा संख्यात्मक तथा रकमगत रुपमा शेयर कारोवारमा ठूलो वृद्धि भएको छ । शेयर बजारका अन्य परिसूचकहरुमध्ये शेयर मूल्य, सूचीकृत भएका कम्पनीहरुको संख्या र बजार पूँजीकरणमा पनि वृद्धि भएको छ । बाणिज्य बैंकहरु र औद्योगिक उत्पादन क्षेत्रका कम्पनीहरुको दोस्रो शेयर बजार कारोवार उल्लेखनीय रुपमा बढेको छ । सूचीकृत कम्पनीहरुको संख्यामा वृद्धि भए अनुरुप अघिल्लो वर्षको कार्तिक महिनाको तुलनामा समीक्षा अवधिमा चुक्ता पूँजी ४.० प्रतिशतले वृद्धि भई रु. १३ अर्ब २१ करोड पुगेको छ । बाणिज्य बैंक तथा बीमा कम्पनीहरुले नयाँ शेयर सूचीकृत गर्नुका साथै लाभप्रद शेयर जारी गरेकाले चुक्ता पूँजीमा वृद्धि भएको छ । २०६० कार्तिक महिनाको तुलनामा यस वर्षको सोही महिनामा सूचीकृत कम्पनीहरुको बजार पूँजीकरणमा २३.० प्रतिशतले वृद्धि भई रु. ४५ अर्ब २० करोड पुगेको छ । २०६० कार्तिक मसान्तमा कारोवार बन्द हुँदा २०६.२१ रहेको नेप्से परिसूचकमा यस वर्षको सोही महिनाको अन्त्यमा २८.८७ विन्दु (१४.० प्रतिशत) ले वृद्धि भई २३५.०८ पुगेको छ । नेपाल स्टक एक्सचेञ्ज लि. मा २०६० कार्तिक महिनामा सूचीकृत कम्पनीहरुको संख्या १०९ रहेकोमा २०६१ कार्तिक महिनामा त्यस्ता कम्पनीहरुको संख्या ११८ पुगेको छ । गत वर्षको कार्तिक महिनामा ६० वटा कम्पनीको शेयर कारोवार भएकोमा समीक्षा अवधिमा कारोवार भएको कम्पनीहरुको संख्या ५९ रहेको छ ।

७. २०६१ कार्तिक महिनामा रु. ५ करोड ५२ लाख मूल्यका १ लाख ७८ हजार कित्ता शेयर २८७१ कारोवार मार्फत खरीदबिक्री भएका छन् । गत वर्षको सोही महिनामा रु. ३ करोड ६ लाख मूल्यका १ लाख ३० हजार कित्ता शेयर

२५९८ कारोवार मार्फत खरीदबिक्री भएका थिए । २०६१ कार्तिक महिनामा गत वर्षको सोही महिनाको तुलनामा संख्यात्मक शेयर कारोवारमा ३६.९ प्रतिशत र रकमगत कारोवारमा ८०.५ प्रतिशतले वृद्धि भएको छ ।




८. २०६१ कार्तिकमा कुल कारोवार रकममा वाणिज्य बैंक समूहको ८३.७ प्रतिशत, वित्त कम्पनीहरुको १०.० प्रतिशत, औद्योगिक उत्पादन तथा प्रशोधन कम्पनीहरु ४.९ प्रतिशत, वीमा कम्पनीहरुको ०.९ प्रतिशत, विकास बैंक समूहको ०.५ प्रतिशत, होटेल समूहको ०.१ प्रतिशत र व्यापारिक समूह, र अन्य समूहको योगदान शून्य रहेको छ । गत वर्ष वाणिज्य बैंक समूहको ६४.४ प्रतिशत, वित्त कम्पनीहरुको २२.८ प्रतिशत, वीमा कम्पनीहरुको ४.७ प्रतिशत, व्यापारिक समूहको ४.७ प्रतिशत, विकास बैंक समूहको २.७ प्रतिशत, होटेल समूह ०.६ प्रतिशत, औद्योगिक उत्पादन तथा प्रशोधन कम्पनीहरु र अन्य समूहको योगदान नगन्य रहेको थियो ।

## मूल्य स्थिति

९. विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क २०६१ कार्तिकमा २.७ प्रतिशतले बढ्न गएको छ । २०६० कार्तिकमा यस्तो बृद्धिदर ५.८ प्रतिशत रहेको थियो । चिनी तथा चिनीजन्य पदार्थको मूल्यमा उच्च बृद्धि भए तापनि तेल तथा घिउ, दूध तथा दूग्ध पदार्थ, जुत्ता र अन्न तथा अन्नबाट बनेका परिकारको मूल्य सूचकाङ्कमा ऱ्हास आएको कारण समिक्षा अवधिमा मूल्य वृद्धिदर कम रहन गएको हो । २०६० कार्तिकमा १५६.६ रहेको समग्र मूल्य सूचकाङ्क २०६१ कार्तिकमा १६०.८ पुगेको छ । गत आर्थिक बर्षको प्रथम चार महिनाको औषत मूल्य बृद्धिदर ५.५ प्रतिशत रहेकोमा यस वर्ष यस्तो बृद्धिदर २.६ प्रतिशत मात्र रहेको छ ।

१०. यस वर्ष खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क २.२ प्रतिशतले बढेको छ । गत वर्ष यस्तो वृद्धिदर ५.३ प्रतिशत रहेको थियो । यस समूह अन्तर्गतका उप-समूहहरु मध्ये चिनी तथा चिनीजन्य पदार्थ (२८.५ प्रतिशत), दलहन (५.७ प्रतिशत), माछा, मासु तथा फुल (५.६ प्रतिशत), तरकारी तथा फलफूल (४.४ प्रतिशत), रेष्टुँराको खाना (२.६ प्रतिशत), मरमसला (२.९ प्रतिशत) र पेय पदार्थ (०.२ प्रतिशत) को मूल्यमा वृद्धि हुन गएको छ भने तेल तथा घिउ (१.९ प्रतिशत), दूध तथा दूग्ध पदार्थ (०.५ प्रतिशत), अन्न तथा अन्नबाट बनेका परिकारहरु (०.३ प्रतिशत) को मूल्यमा ह्रास आएको छ ।

११. गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ३.३ प्रतिशतले मात्र बढ्न गएको छ । गत बर्ष यस्तो मूल्य सूचकाङ्क ६.३ प्रतिशतले बढेको थियो । यस समूह अन्तर्गतका उप-समूहहरुमा घरायसी सामान तथा सेवाहरु (५.७ प्रतिशत), शिक्षा तथा मनोरंजन (४.० प्रतिशत), लत्ता कपडा (२.३ प्रतिशत), औषधी तथा व्यक्तिगत हेरचाह (२.३ प्रतिशत), सूर्ति तथा सूर्तिजन्य वस्तुहरु (१.३ प्रतिशत) र यातायात तथा संचार (०.१ प्रतिशत) को मूल्य बढेको छ भने जुत्ता ( ०.४ प्रतिशत) को मूल्यमा ह्रास आएको छ ।


१२. क्षेत्रगत आधारमा वार्षिक विन्दुगत रुपमा मूल्य सूचकाङ्क काठमाडौं उपत्यकामा ४.० प्रतिशत, तराईमा २.३ प्रतिशत र पहाडमा २.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो वृद्धिदर क्रमशः ७.४ प्रतिशत, ५.० प्रतिशत र ५.१ प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क काठमाडौ उपत्यका, पहाड र तराईमा क्रमशः ३.७ प्रतिशत, १.६ प्रतिशत र १.५ प्रतिशतले बृद्धि भएको छ । त्यस्तैगरी, गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क काठमाडौ उपत्यका, तराई र पहाडमा क्रमशः ४.३ प्रतिशत, ३.० प्रतिशत र २.६ प्रतिशतले वृद्धि भएको छ ।

१३. वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क २०६१ कार्तिक महिनामा ४.६ प्रतिशतले बृद्धि भएको छ । गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ४.१ प्रतिशत रहेको थियो । गत आर्थिक वर्षको प्रथम चार महिनाको औसत मूल्य वृद्धिदर ३.५ प्रतिशत रहेकोमा यस वर्ष यस्तो वृद्धिदर ५.९ प्रतिशत रहन गएको छ । नगदे वाली, निर्माण सामाग्री, पेट्रोलियम पदार्थ र कोईला तथा यातायातका साधन र मेशिनरी औजारको मूल्य बढेको कारण गत वर्षको तुलनामा यस वर्षको मूल्य वृद्धिदर बढी रहन गएको हो । समूहगत रुपमा आयातीत वस्तुहरु, स्वदेशमा उत्पादित वस्तुहरु र कृषि सम्बन्धी वस्तुहरुको मूल्यमा क्रमशः ८.४ प्रतिशत, ७.४ प्रतिशत र १.२ प्रतिशतले वृद्धि भएको छ ।

## सरकारी वित्त स्थिति

१४. श्री ५ को सरकारले कुल खर्चलाई साधारण र विकास खर्चमा वर्गीकरण गर्ने गरेकोमा यसमा परिवर्तन गरी कुल खर्चलाई चालु खर्च, पूंजीगत खर्च र सांवा भूक्तानी गरी तीन भागमा बर्गीकरण गरेको छ । यी शीर्षकहरु र विगत आर्थिक वर्षहरुमा भएको साधारण र विकास खर्च शीर्षकहरुमा भएको खर्चको तुलनात्मक बिश्लेषण गर्न सान्दर्भिक हुने नदेखिएकोले आर्थिक वर्ष २०६१/६२ को प्रथम चार महिनाको तथ्यांक मात्र प्रस्तुत गरिएको छ । नगद प्रवाहमा आधारित तथ्यांक अनुसार श्री ५ को सरकारको कुल खर्च गत वर्ष १०.० प्रतिशतले बढेकोमा यस वर्ष २.२ प्रतिशतले मात्र बढेर रु. २१ अर्ब २० करोड पुगेको छ । यस वर्षको कुल खर्चमध्ये चालु खर्चतर्फ रु. १५ अर्ब २९ करोड (७२.१. प्रतिशत), पूंजीगत खर्चतर्फ रु. १ अर्ब ३२ करोड, (६.२ प्रतिशत), सांवा भुक्तानीतर्फ रु. ३ अर्ब २० करोड (१५.१ प्रतिशत) र फ्रिजतर्फ रु. १ अर्ब ३९ करोड (६.६ प्रतिशत) रहेको छ ।

**१५.** गत वर्ष २०.३ प्रतिशतले वृद्धि भएको गैर-ऋण साधन (राजस्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष १६.४ प्रतिशतले वृद्धि भई रु. २१ अर्ब १५ करोड पुगेको छ । सरकारी साधनको प्रमुख स्रोत (७९.१ प्रतिशत) को रुपमा रहेको राजस्व गत वर्ष १४.० प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ४.७ प्रतिशतको न्यून दरले वृद्धि भई रु. १६ अर्ब ७३ करोड पुगेको छ । बाह्य अनुदान गत वर्ष १ अर्ब ९ करोड प्राप्त भएकोमा यस बर्ष रु. २ अर्ब ९६ करोड प्राप्त भएको छ ।





१६. कुल सरकारी खर्चको तुलनामा साधन परिचालन उच्च दरले बढेको कारण २०६१ कार्तिक मसान्तसम्ममा सरकारी बजेट घाटामा उल्लेख्य कमी आई रु. ५ करोडमा सीमित रहेको छ। गत वर्ष यस अवधिमा रु. २ अर्ब ५६ करोड बजेट घाटा भएको थियो। बजेत घाटा पूर्ति गर्ने क्रममा रु. ५० करोड आन्तरीक ऋणबाट र रु. ९५ करोड वैदेशिक ऋण गरी जम्मा रु. १ खर्ब ४५ करोड परिचालन भएको छ। उक्त रकमबाट बजेट घाटा पूर्ति गरी बाँकी रं १ अर्ब ४० करोड सरकारी खातामा बचत रहेको छ। श्री ५ को सरकारले गत बर्ष यसै अवधिमा रु. १ अर्ब ४९ करोड अधिबिकर्ष उपयोग गरेको थियो।

१७ २०६१ आषाढमा श्री ५ को सरकारको खातामा रु. ७५ करोड बचत रहेकोमा यस अवधिमा कुल खर्चको तुलनामा कुल गैर-ऋण साधन उच्चदरले बढेको फलस्वरुप उक्त रकममा वृद्धि भई २०६१ कार्तिक मसान्तमा थप रु. १ अर्ब ४१ करोडको बचत भएको छ। फलस्वरुप श्री ५ को सरकारको तिर्न बांकी खुद आन्तरिक ऋण २०६१ आषाढको रु. ८५ अर्ब ३८ करोड करोडबाट २०६१ कार्तिक महिनामा रु. ८३ अर्ब ५७ करोडमा झरेको छ।

**वैदेशिक व्यापार**

१८. आर्थिक बर्ष २०६१/६२ को प्रथम चार महिनासम्ममा, भन्सारबाट प्राप्त तथ्याङ्क अनुसार, कुल निर्यात १५.१ प्रतिशतले वृद्धि भई रु. १७ अर्ब ८१ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा कुल निर्यात ६.० प्रतिशतले वृद्धि भएको थियो। गत वर्ष ११.५ प्रतिशतले वृद्धि भएको भारततर्फको निर्यात यस बर्ष ३२.६ प्रतिशतको उल्लेख्य दरले वृद्धि भई रु. ११ अर्ब १४ करोड पुगेको छ। अन्य मुलुकतर्फको निर्यात भने यस वर्ष ५.६ प्रतिशतले घटी रु. ६ अर्ब ६७ करोडमा सीमित रहेको छ। यस वर्ष भारततर्फको निर्यातको प्रमुख वस्तुहरुमध्ये दाल, अलैची, वनस्पति घ्यू, चिया, पोलिष्टर धागो, कागज, आल्मुनीयम सेक्सन, तामाको तार तथा डण्डी, रसायन, जुस, गाइवस्तुको दाना, जुत्ता चप्पल, कपडा, खोटो, खयर, फापर आदिको निर्यातमा वृद्धि भएको छ भने दन्तमन्जन, सुठो, अदुवा, ढुटोको तेल, जि.आई. पाइप, एम.एस. पाइप, तयारी पोशाक जस्ता वस्तुहरुको निर्यात घटेको छ। अन्य मुलुकतर्फ ऊनी गलैंचा


तथा प्रशोधित छालाको निर्यात बढे तापनि दाल, चिया, पश्मीना, गर-गहना तथा तयारी पोशाकको निर्यात घटेको छ ।




१९ गत बर्ष १६.९ प्रतिशतले वृद्धि भएको कुल आयात यस बर्ष ३.५ प्रतिशतले घटी भई रु. ४१ अर्ब ४८ करोडमा सीमित भएको छ । गत वर्ष १७.५ प्रतिशतले वृद्धि भएको भारतबाट भएको आयात यस बर्ष ७.२ प्रतिशतले वृद्धि भएको छ । अन्य मुलुकबाट भएको आयात भने गत वर्ष १६.२ प्रतिशतले वृद्धि भएकोमा यस बर्ष १७.१ प्रतिशतले घटेको छ । यस वर्ष भारतबाट मुख्यतया दाल, धागो, रसायन, यातायातका साधन तथा पूर्जाहरु, रासायनिक मल, पेट्रोलियम पदार्थ, औषधि, कोल्ड रोल्ड सिट, प्लाष्टिक दाना आदि वस्तुहरुको आयात बढेको छ भने गहुँ, चामल, नून, हट रोल्ड सिट, एम एस विलेट, सिमेन्ट आदिको आयातमा ह्रास आएको छ । अन्य मुलुकहरुबाट  खाद्य तेल, सुपारी, टेलिभिजन, यातायातका साधन तथा पूर्जाहरु, अन्य यन्त्र तथा पूर्जाहरु, स्टीलको तार, कच्चा नरिवल तेल, तामाको तार तथा पाता जस्ता वस्तुहरुको आयात बढेको छ भने धागो, कच्चा सोयाविन तेल, कच्चा पाम तेल, प्लाष्टिक दाना, दूरसञ्चारका उपकरण तथा पूर्जाहरु, हवाईजहाजका पार्टपूर्जा, विद्युतीय सामान, औषधि, कपडा आदिको आयातमा ह्रास आएको छ ।

२० यस बर्ष कुल निर्यातमा वृद्धि तथा कुल आयातमा ह्रास आएको कारण कुल व्यापार घाटा १४.० प्रतिशतले घटी रु. २३ अर्ब ६७ करोडमा सीमित रहेको छ । गत वर्ष व्यापार घाटा २४.२ प्रतिशतले वृद्धि भएको थियो । कुल व्यापार गत वर्ष १३.८ प्रतिशतले वृद्धि भएको तुलनामा यस बर्ष निर्यात वृद्धि भए तापनि ठूलो आधार भएको आयातमा ह्रास आएको कारण १.४ प्रतिशत को न्यून दरले बढेको छ । भारततर्फको निर्यात तथा आयात बढेको तर अन्य मुलुकतर्फको निर्यात तथा आयात दुबैमा ह्रास आएको कारण कुल व्यापारमा भारतको अंश गत वर्षको ५५.४ प्रतिशतबाट वृद्धि भई यस बर्ष ६२.२ प्रतिशत पुगेको छ भने अन्य मुलुकतर्फको अंश सोही अनुसार ४४.६ प्रतिशतबाट ३७.८ प्रतिशतमा झरेको छ ।

२१. नेपालको कुल निर्यात/आयात अनुपात गत वर्ष ३६.० प्रतिशत रहेकोमा यस बर्ष निर्यात बढेको तथा आयात घटेकोले यो अनुपात बढेर ४२.९ प्रतिशत पुगेको छ । भारततर्फको निर्यात/आयात अनुपात गत वर्ष ३५.१ प्रतिशत रहेकोमा यस बर्ष ४३.४ प्रतिशत पुगेको छ । अन्य मुलुकतर्फको अनुपात गत वर्ष ३७.१ प्रतिशत रहेकोमा यस बर्ष ४२.३ प्रतिशत पुगेको छ ।




## शोधनान्तर स्थिति

२२.शोधनान्तरको प्रथम तीन महिनाको तथ्याङ्क अनुसार यस वर्ष गत वर्षको सोही अवधिको तुलनामा निर्यात बढेको तथा आयात घटेको कारण व्यापार घाटा १४.२ प्रतिशतले घटी रु. १६ अर्ब ६६ करोडमा झरेको छ । गत वर्षको सोही अवधिमा व्यापार घाटा २८.८ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६१/६२ मा सेवातर्फ अन्यत्र नपरेको सरकारी आय ३४.८ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ८२ करोड पुगेको छ भने पर्यटन आय १९.८ प्रतिशतले घटी रु. २ अर्ब ६० करोड र अन्य सेवा आय १७.८ प्रतिशतले ह्रास भई रु. १ अर्ब ४७ करोडमा झरेको छ । फलस्वरुप गत वर्ष २३.९ प्रतिशतले बढेको कुल सेवा आय यस वर्ष ७.७ प्रतिशतले घट्न गई रु. ५ अर्ब ८९ करोड कायम भएको छ । सेवा क्षेत्रको भुक्तानीतर्फ पर्यटन खर्च र अन्य खर्च क्रमशः २२.२ प्रतिशत र ०.७ प्रतिशतले बढेको र यातायात खर्च ५.२ प्रतिशतले घटेको कारण कुल सेवा भुक्तानी ४.४ प्रतिशतले मात्र वृद्धि भई रु. ५ अर्ब २० करोड पुगेको छ ।

२३. यस वर्षको तीन महिनामा आय शीर्षकतर्फको प्राप्ति (Income Credit) ३५.७ प्रतिशतले वृद्धि भई रु. ७७ करोड पुगेको छ । त्यस्तै, उक्त शीर्षकतर्फको भुक्तानी ३७.१ प्रतिशतले बृद्धि भई रु. १ अर्व १८ करोड पुगेको छ । फलस्वरुप वस्तु, सेवा तथा आयतर्फको समग्र घाटा १०.५ प्रतिशतले घटी रु. १६ अर्ब ३८ करोडमा ओर्लेको छ । यस्तो घाटा गत वर्ष २४.५ प्रतिशतले वृद्धि भएको थियो ।

२४.ट्रान्सफर आयतर्फ अनुदान गत वर्ष ७६.३ प्रतिशतको उच्च दरले वृद्धि भएको विपरित यस वर्ष ३०.० प्रतिशतले घटी रु. ३ अर्ब ८६ करोडमा झरेको छ । निजी क्षेत्रको विप्रेषण (Workers' Remittances) गत वर्षको १३.७ प्रतिशत वृद्धिको विपरित यस वर्ष १७.३ प्रतिशतले घटी रु. १४ अर्ब ८९ करोडमा झरेको छ । इराकमा १२ जना नेपाली श्रमिकहरुको हत्या पाश्चात गत भदौ १६ गते नेपालमा भएको विद्रोहको कारण यस वर्षको ३ महिनामा विप्रेषण घट्न गएको हो । यस वर्ष निवृत्तिभरण (Pension) आय ९७.७ प्रतिशतको उत्साहजनक दरले वृद्धि भई रु. ३ अर्ब

१४ करोड पुगेको छ भने अन्य शीर्षकमा रहेको भारतीय अन्तःशुल्क फिर्ता रकम १४.८ प्रतिशतले बढी रु. ४३ करोड पुगेको छ । ट्रान्सफर भुक्तानी ३७.८ प्रतिशतले वृद्धि भई रु. ८६ करोड पुगेको छ । गत वर्ष यस्तो भुक्तानी २१ प्रतिशतले घटेको थियो ।

२५.यस वर्ष चालु खातामा रु. ५ अर्ब ८ करोडको बचत भएको छ । गत वर्षको सोही अवधिमा चालु खातामा रु. ६ अर्ब ५४ करोड बचत भएको थियो । पूँजीगत ट्रान्सफर यस वर्ष रु. २८ करोड प्राप्त भएको छ । गत वर्ष पूँजीगत ट्रान्सफर रु. ५९ करोड प्राप्त भएको थियो ।

२६. वित्तीय खाता (Financial Account) तर्फ अन्य लगानी सम्पत्ति (Other Investment Assets) गत वर्ष रु. १३ अर्ब ८६ करोड थप भएकोमा यस वर्ष रु. ५ अर्ब ९४ करोड थप भएको छ, जसमध्ये व्यापारिक ऋण रु. ८६ करोड रहेको छ । अन्य लगानी दायित्व (Other Investment Liabilities) गत वर्ष रु. ५ अर्ब ९६ करोड रहेकोमा यस वर्ष रु. ८२ करोड थप भएको छ । यसमध्ये व्यापारिक ऋण (Trade Credit) रु. ४६ करोड रहेको छ । सोही अवधिमा रु. ६२ करोड बराबरको सरकारी ऋण आप्रवाह भएको र साँवा भुक्तानी रु. १ अर्ब ४ करोड रहेको छ । फलस्वरुप, खूद सरकारी ऋण आप्रवाह रु. ४२ करोडले नकारात्माक रहेको छ । यस वर्ष विदेशी मुद्रा तथा निक्षेप दायित्व रु. ८२ करोडले बढेको छ । सोही अनुरुप वित्तीय खाता रु. ५ अर्ब १२ करोडले ऋणात्मक रहन गएको छ । चालु खातामा बचत भए तापनि वित्तीय खाता तथा विविध पूँजी समेत नकारात्मक रहेको कारण यस वर्षको प्रथम तीन महिनामा रु. १ अर्ब ४ करोडको शोधनान्तर घाटा भएको छ । गत वर्षको यसै अवधिमा पनि रु.१ अर्ब ४६ करोडको शोधनान्तर घाटा भएको थियो । मौद्रिक तथ्याङ्क अनुसार आर्थिक बर्ष २०६०/६१ को प्रथम चार महिनामा रु. ५९ करोड शोधनान्तर घाटा भएकोमा यस बर्षको सोही अवधिमा रु. १ अर्ब ९५ करोडको शोधनान्तर वचत भएको छ ।


## विदेशी विनिमय संचिति

२७. कुल विदेशी विनिमय संचिति २०६० कार्तिक मसान्तमा ३.४ प्रतिशतले वृद्धि भएको तुलनामा २०६१ कार्तिक मसान्तमा २१.९ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ३१ अर्ब १० करोड पुगेको छ । २०६० कार्तिकको तुलनामा २०६१ कार्तिकमा परिवर्त्य बिदेशी विनिमय संचिति २७.८ प्रतिशतले वृद्धि भएको छ । अन्य मुलुक तर्फको आयात उच्च दरले घटेको तथा बैंकिङ्ग प्रणालीबाट आउने बिप्रेषण रकम बढेको कारण आर्थिक बर्ष २०६१/६२ को प्रथम चार महिनामा परिवर्त्य संचिति बढेको हो । यस अवधिमा भारतबाट आउने बिप्रेषण तथा खुद सेवा आय घटेकोले अपरिवर्त्य संचिति ४२.६ प्रतिशतले घटेको छ । गत वर्ष परिवर्त्य संचिति २०.४ प्रतिशतले वृद्धि भएको थियो भने अपरिवर्त्य संचिति ५९.३ प्रतिशतले ह्रास भएको थियो । विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश ९६.१ प्रतिशत र अपरिवर्त्य संचितिको अंश ३.९ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६०/६१ को चौथो महिनामा यस्तो अंश क्रमशः ९१.६ प्रतिशत र ८.४ प्रतिशत रहेको थियो । यस बर्षको प्रथम चार महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको बिद्यमान स्तरले १२.६ महिनाको वस्तु आयात र १०.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।

चार्ट नं. : ६

**शोधनान्तर स्थिति तथा विदेशी विनिमय संचिति**

(प्रथम चार महिना)




*****